**आगामी आर्थिक वर्षको बजेट तर्जुमा प्रयोजनका लागि स्रोत अनुमान गर्न गठित समितिले माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्यू समक्ष पेश गरेको प्रतिवेदन**

## १. परिचयः

प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा ६ को उपदफा २ को व्यवस्था बमोजिम आगामी आर्थिक वर्ष २०७५/०७६ को बजेट तथा कार्यक्रम तयार गर्ने प्रयोजनका लागि उपलब्ध हुने श्रोत तथा गर्न सकिने खर्चको सीमा पूर्वानुमान गर्न मिति २०७५।०१।०३ को माननीय मन्त्रिस्तरीय निर्णयानुसार श्रोत अनुमान समिति गठन भएको थियो ।सोही ऐनको दफा ६ को उपदफा ५ बमोजिम स्रोतको अनुमान तथा खर्चको सीमा निर्धारण गरी सोको प्रतिवेदन माननीय मन्त्रीज्यू समक्ष पेश गरिएको छ ।

## २. समितिका सदस्यहरुको विवरण:

आगामी आर्थिक वर्षको बजेट तयारीका लागि माननीय मन्त्रीस्तरको निर्णयानुसार तपशिल बमोजिमको समिति गठन गरिएको थियो । सो समितिले आवश्यक देखेको अवस्थामा विभिन्न विषय विज्ञलाई आमन्त्रण गरी सूचना संकलन गरेको थियो ।

| सिनं | पद | | कार्यालय |
|---|---|---|---|
| १ | संयोजक | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| २ | सदस्य | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ३ | सदस्य | प्रमुख | नेपाल राष्ट्र बैंक धनगढी |
| ४ | सदस्य | प्रमुख | कोष तथा लेखा नियन्त्रक कार्यालय धनगढी कैलाली |
| ५ | सदस्य | बजेट तथा योजना महाशाखा प्रमुख | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ६ | सदस्य | बजेट शाखा प्रमुख | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ७ | सदस्य सचिव | योजना शाखा प्रमुख | आर्थिक मामिला तथा योजना मन्त्रालय |

## ३. समितिले प्राप्त गरेको कार्यादिश

समितिलाई आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि उपलब्ध हुने श्रोत र गर्न सकिने खर्चको सीमा पूर्वानुमान गरी सो को प्रतिवेदन माननीय मन्त्रीज्यू समक्ष पेश गर्ने कार्यादिश प्राप्त भएको थियो ।

## ४. समितिको कार्यसीमा

- समितिले प्राप्त कार्यादिश बमोजिमको काम सम्पन्न गर्न प्राप्त समयसीमा निकै कम हुनाको साथै अध्ययन गर्नु पर्ने क्षेत्र सोको तुलनामा निकै व्यापक रहेको ।
- छोटो समयावधीमा सबै स्थानीय तहहरूले असुली गरिरहेको कर तथा गैर कर राजस्वको यकिन तथ्यांक प्राप्त हुन नसकेको ।

## ५. कार्यविधी

- सरोकारवालाको रूपमा देखिएका मालपोत कार्यालय तथा यातायात कार्यालयहरूबाट राजस्व असुलीको तथ्यांक संकलन गरिएको ।
- स्थानीय तह तथा समन्वय समितिहरूबाट राजस्व असुलीको तथ्यांक संकलन गर्ने कोशिस गरिएको ।
- सम्बन्धित सरोकारवालाहरूसँग प्रतिनिधिमूलक रूपमा अन्तरक्रिया गरिएको ।
- विज्ञ तथा सम्बन्धित निकायहरूको बैठक मार्फत प्रतिवेदन तयार गरिएको ।

## ६. समितिले पहिचान गरेका प्रदेश सरकारले उठाउन सक्ने कर तथा गैर कर सम्बन्धी व्यवस्थाहरु

| स्रोत | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ मा भएको व्यवस्था | स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था | कर तथा गैरकर विधेयकको नमूनामा राखिएको व्यवस्था | कर उठाउने निकाय |
|---|---|---|---|---|
| **क) संकलन हुने राजस्व** | | | | |
| **घरजग्गा रजिष्ट्रेशन शुल्क** | स्थानीय तथा प्रदेश तह दुवैले लगाउन पाउने, संकलन स्थानीय तहले गर्ने | दर प्रदेशले निर्धारण गर्ने संकलन स्थानीय तहले गर्ने | प्रदेशले लगाउन सक्नेछ र संकलन स्थानीय मार्फत गर्ने | मालपोत कार्यालय/स्थानीय तह |
| **सवारी साधन कर** | स्थानीय तथा प्रदेश तह दुवैले लगाउन पाउने, संकलन प्रदेशले गर्ने | निर्धारण र संकलन प्रदेशले गर्ने तर अटो इरिक्सा, टांगाको दर स्थानीय तहले गरी आफ्नो खातामा जम्मा गर्न सक्ने | दुवै तहले लगाउन पाउने संकलन प्रदेशले गर्ने | यातायात व्यवस्था कार्यालय वा प्रदेशले तोकेको कार्यालय |
| **प्राकृतिक श्रोत कर** | | दफा ६४ १(च), २ र ३ अनुरूप प्रदेशले प्रकृया तथा दर निर्धारण गर्ने, गाउँपालिका र नगरपालिकाले संकलन | | स्थानीय तह |
| **विज्ञापन कर** | स्थानीय तथा प्रदेश तह दुवैले लगाउन पाउने, संकलन स्थानीय तहले गर्ने | दर निर्धारण र संकलन गाउँपालिका र नगरपालिकाले गर्ने | होर्डिङ बोर्डमा स्थानीय तह मार्फत उठाउन सक्ने | स्थानीय तह |

| | | | | |
|---|---|---|---|---|
| **मनोरञ्जन कर** | स्थानीय तथा प्रदेश तह दुवैले लगाउन पाउने, संकलन स्थानीय तहले गर्ने | दर र संकलन गर्ने तरिका प्रदेशले निर्धारण गर्ने र संकलन गा.पा. र न.पा.ले गर्ने | टिकट बिक्री गर्दा असुल उपर हुनेछ | स्थानीय तह |
| **कृषि आयमा कर** | प्रदेशले तोक्ने र उठाउने | - | प्रदेशले कर लगाउन सक्ने, कृषिबाट प्राप्त हुने अनुमानित आय कायम गरी कर लगाउने | प्रदेशले तोकेको कार्यालय |

| **ख) राजस्व बाँडफाँड** | | |
|---|---|---|
| **श्रोत** | **प्राप्त हुने व्यवस्था** | **प्रगति** |
| **मूअकर तथा अन्तशुल्कको बाँडफाँड** | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ बमोजिम वित्त आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम | प्राप्त भएको |
| **प्राकृतिक स्रोत रोयल्टी बाँडफाँड** | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ बमोजिम वित्त आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम | प्राप्त नभएको |

| **ग) अनुदान** | | |
|---|---|---|
| **श्रोत** | **प्राप्त हुने व्यवस्था** | **प्रगति** |
| **वित्तीय समानीकरण अनुदान** | खर्चको आवश्यकता र राजश्वको क्षमताको आधारमा तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ बमोजिम | प्राप्त भएको |
| **सशर्त अनुदान** | तीनै तहको कुनै योजना कार्यान्वयन गर्न | प्राप्त नभएको |
| **समपूरक अनुदान** | पूर्वाधार विकासका लागि | माग गर्नु पर्ने |
| **विशेष अनुदान** | खास योजना तथा आधारभूत सेवाको विकासका लागि | माग गर्नु पर्ने |

| **घ) बैदेशिक सहायता** | | |
|---|---|---|
| **श्रोत** | **प्राप्त हुने व्यवस्था** | **प्रगति** |
| **बैदेशिक अनुदान** | नेपाल सरकारको पूर्व स्वीकृति पश्चात | |
| **बैदेशिक ऋण** | नेपाल सरकारको पूर्व स्वीकृति पश्चात | |

| **ङ) ऋण** | | |
|---|---|---|
| **श्रोत** | **प्राप्त हुने व्यवस्था** | **प्रगति** |

| | | |
|---|---|---|
| **आन्तरिक ऋण** | नेपाल सरकारको सहमती लिएर ऋणपत्र जारी गर्ने | |
| **नेपाल सरकारको ऋण** | उपयोग भुक्तानीको तरिका तथा समय सीमा उल्लेख गरी नेपाल सरकार समक्ष अनुरोध गर्ने | |

| **च) गैर कर राजस्व** | | |
|---|---|---|
| **श्रोत** | **प्राप्त हुने व्यवस्था** | **प्रगति** |
| **सेवा शुल्क दस्तुर** | प्रदेश कानून बमोजिम | |
| **पर्यटन शुल्क** | प्रदेश कानून बमोजिम | |
| **दण्ड जरिवाना** | प्रदेश कानून बमोजिम | |
| **अन्य** | प्रदेश कानून बमोजिम | |

**७. प्रदेशको अधिकार क्षेत्र तोकिएका क्षेत्रको कर/गैर कर राजस्व असुली तथा प्रदेशलाई प्राप्त हुने राजस्व बाँडफाँड र अनुदानको अवस्था**

| राजश्वको स्रोत | गत आवको संकलन अवस्था (रु हजारमा) | चालु आवको ९ महिनाको संकलन अवस्था (रु हजारमा) |
|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन शुल्क | ४७,०४,१० | ५३,४८,९७ |
| सवारी साधन कर | ४१,५७,८५ | ३७,७०,४५ |
| विज्ञापन कर | नखुलेको | नखुलेको |
| मनोरञ्जन कर | नखुलेको | नखुलेको |
| कृषि आयमा कर | हालसम्म नभएको | हालसम्म नभएको |
| मूअकर तथा अन्तशुल्कको बाँडफाँड | | ६,७६,६५,७९ |
| प्राकृतिक स्रोत रोयल्टी | | |
| वित्तीय समानीकरण अनुदान | १,०२,०५,०० | ७,९२,४६,५३ |
| सशर्त अनुदान | | |
| समपूरक अनुदान | | |
| विशेष अनुदान | | |
| वैदेशिक सहायता (अनुदान र ऋण) | | |
| आन्तरिक ऋण | | |
| नेपाल सरकारको ऋण | | |
| सेवा शुल्क दस्तुर | | |
| पर्यटन शुल्क | | |
| दण्ड जरिवाना (ट्राफिक जरिवानाबाट) | २,७५,२३ | २,३१,०० |
| अन्य | | |

## ८. आर्थिक वर्ष २०७५/७६ को निम्ति श्रोत अनुमान गर्ने आधारहरू

### क) घर जग्गा रजिष्ट्रेशन :

यस शीर्षकमा गत आ.व.को असुली र चालु आ.व. को ९ महिनाको असुली समेतको आधारमा विश्लेषण गर्दा सो शीर्षकमा चालू आ.व.मा कूल ७१ करोड ३१ लाख ९६ हजार राजस्व असुली हुने अनुमान गर्न सकिन्छ । सो अनुमान, विद्यमान दर र गत तीन आ.व.को औषत राजस्व बृद्धि प्रतिशत ४० प्रतिशत थप गर्दा आ.व. २०७५।७६ मा घर जग्गा रजिष्ट्रेशन शूल्कबाट रू. ९९ करोड ८४ लाख ७४ हजार राजस्व असुली हुने अनुमान गर्न सकिन्छ ।

### ख) सवारी साधन करः

यस शीर्षकमा सवारी कर, सवारी इजाजत दस्तुर र यातायात क्षेत्रको आम्दानी समेत गरी गत आ.व.को असुली र चालु आ.व. को ९ महिनाको असुली समेतको आधारमा विश्लेषण गर्दा सो शीर्षकमा चालू आ.व.मा कूल ५० करोड २७ लाख २७ हजार राजस्व असुली हुने अनुमान गर्न सकिन्छ । सो अनुमान, विद्यमान दर र गत तीन आ.व.को औषत राजस्व बृद्धि प्रतिशत ३४ प्रतिशत थप गर्दा आ.व. २०७५।७६ मा सवारी साधन कर वापत रू. ६७ करोड ३६ लाख ५४ हजार राजस्व असुली हुने अनुमान गर्न सकिन्छ ।

### ग) विज्ञापन करः

हालसम्म विज्ञापन कर स्थानीय तहले प्रत्येक तहपिच्छे फरक फरक दरमा लगाउँदै आएको र सोको दर तथा संकलनको यकिन तथ्यांक प्राप्त नभएको अवस्था छ । साथै, सो कर असुलीको लागि प्रादेशिक तहमा छुट्टै कानुनको व्यवस्था गर्नुपर्ने अवस्था छ । हाल विभिन्न स्थानीय तहमा ठेक्का मार्फत असुल उपर हुने विज्ञापन करबाट रू. २५ लाख असुली हुने अनुमान गर्न सकिन्छ ।

### घ) मनोरञ्जन करः

मनोरञ्जन करलाई विस्थापन गर्दै मूल्य अभिबृद्धि कर लागु भएकोले यस शीर्षकमा कुनै कर असुल उपर भएको छैन । सो कर असुलीको लागि प्रादेशिक तहमा छुट्टै कानुनको व्यवस्था गर्नुपर्ने अवस्था छ । यद्यपी, समितिले यस कर अन्तर्गत रू. ५ लाख असुली हुने अनुमान गरेको छ ।

### ङ) कृषि आयमा कर

यस शीर्षकमा हालसम्म कर लगाउने व्यवस्था नभएको हुँदा सो कर असुलीको लागि प्रादेशिक तहमा छुट्टै कानुनको व्यवस्था गर्नुपर्ने अवस्था छ । कृषिमा आयकर असुल हुन सक्ने सम्भावित जिल्लाहरू प्रमुखतः कैलाली, कञ्चनपुर र डडेल्धुरा रहेका छन् । यद्यपी, समितिले यस कर अन्तर्गत रू. ५ लाख असुली हुने अनुमान गरेको छ ।

### च) गैर कर राजस्व

यस शीर्षक अन्तर्गत सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड जरिवाना तथा अन्य समेतबाट राजस्व असुली हुने व्यवस्था रहेको छ तर हालसम्म उक्त शीर्षकहरूमा प्रदेश तहमा राजश्व संकलन भएको छैन । यी शीर्षकहरूमा राजस्व असुलीको लागि प्रादेशिक तहमा छुट्टै कानुनहरू बन्नुपर्ने अवस्था छ । गैरकर राजश्व अन्तर्गत दण्ड जरिवाना तर्फ ट्राफिक कार्यालयमार्फत यातायात जरिवाना वापत् गत आ.व.को असुली र चालु आ.व. को ९ महिनाको असुली समेतको आधारमा विश्लेषण गर्दा सो शीर्षकमा चालू आ.व.मा कूल रू. ३ करोड ८ लाख राजस्व असुली हुने अनुमान गर्न सकिन्छ । सो अनुमान र गत तीन आ.व.को औषत राजस्व बृद्धि प्रतिशत १० प्रतिशत थप गर्दा आ.व. २०७५।७६ मा यातायात जरिवाना वापत रू. ३ करोड ३८ लाख ८० हजार राजस्व असुली हुने अनुमान गर्न सकिन्छ । यस्तै, नेपालको संविधानको अनुसूची ६ मा उल्लेखित अन्य क्षेत्रको हकमा कानुन बनाई श्रोत संकलन गर्न सकिने देखिन्छ । प्राकृतिक श्रोत कर सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐनको दफा ६४ १(च), २ र ३ अनुरूप कानून बनाइ श्रोत व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

### छ) राजश्व बाँडफाँड तथा अनुदान

संघीय सरकारबाट राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार विभिन्न अनुदान र राजश्व बाँडफाँट शीर्षकमा प्राप्त हुने रकमहरू आगामी बजेटको प्रमुख श्रोतको रूपमा रहनेछन् ।

### ९. आर्थिक वर्ष २०७५/७६ को निम्ति अनुमानित श्रोत

| सि.नं. | श्रोत | संकलन हुने अनुमानित रकम (रू. हजारमा) | श्रोतको रूपमा प्राप्त हुने अनुमानित रकम (रू. हजारमा) | कैफियत |
|---|---|---|---|---|
| १ | घरजग्गा रजिष्ट्रेशन शुल्क | ९९,८४,७४ | ९९,८४,७४ | |
| २ | सवारी साधन कर | ६७,३६,५४ | ६७,३६,५४ | |
| ३ | विज्ञापन कर | २५,०० | २५,०० | |
| ४ | मनोरञ्जन कर | ५,०० | ५,०० | |
| ५ | कृषि आयमा कर | ५,०० | ५,०० | |
| ६ | मूअकर तथा अन्तशुल्कको बाँडफाँड | ६,७६,६५,७९ | ६,७६,६५,७९ | |
| ७ | प्राकृतिक स्रोत रोयल्टी | ० | ० | |
| ८ | वित्तीय समानीकरण अनुदान | ७,९२,४६,५३ | ७,९२,४६,५३ | |
| ९ | सशर्त अनुदान | | | |
| १० | समपूरक अनुदान | | | |
| ११ | विशेष अनुदान | | | |

| | | | | |
|---|---|---|---|---|
| १२ | वैदेशिक सहायता (अनुदान र ऋण) | | | |
| १३ | आन्तरिक ऋण | | | |
| १४ | नेपाल सरकारको ऋण | | | |
| १५ | सेवा शुल्क दस्तुर | | | |
| १६ | पर्यटन शुल्क | | | |
| १७ | दण्ड जरिवाना | ३,३८,८० | ३,३८,८० | |
| १८ | अन्य | | | |
| | **जम्मा** | **१६,४०,०७,४०** | **१६,४०,०७,४०** | |

## १०. निष्कर्ष

- समितिले गरेको अध्ययनबाट प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेटका लागि प्राप्त हुने स्रोतहरू मध्ये प्रदेशको आन्तरिक स्रोतको आकार साँघुरो रहेको देखिन्छ ।
- संघीय सरकारबाट प्राप्त हुने अनुदान र राजश्व बाँडफाँडको रकम प्रदेश सरकारको आगामी आर्थिक वर्षको बजेटको प्रमुख स्रोतको रुपमा रहने देखिन्छ ।
- वित्तीय हस्तान्तरण अन्तर्गत नेपाल सरकारबाट प्रदेश सरकारलाई वित्तीय समानीकरण अनुदान र राजश्व बाँडफाँटको सीमा प्राप्त भएको छ भने अन्य सशर्त अनुदान अन्तर्गत प्राप्त हुने अनुदानको सीमा यकिन भएको छैन ।
- प्रदेशको क्षेत्राधिकार अन्तर्गतका कानूनहरु बन्ने क्रममा रहेकोले सो अन्तर्गत गैरकर राजश्वबाट प्रदेश सरकारलाई प्राप्त हुने आय अनुमान गर्न कठिन छ ।
- आन्तरिक स्रोत तर्फको कृषि आयमा कर नयाँ विषय भएको र यो करको पूर्व अभ्यास नभएको हुँदा यसबाट उपलब्ध हुनसक्ने स्रोत अनुमान गर्न व्यवहारिक नहुने भएकोले यस सम्बन्धमा नीतिगत निर्णय हुनुपर्ने देखिन्छ ।
- विज्ञापन कर एवं मनोरञ्जन करलाई मूल्य अभिवृद्धि कर ऐन, २०५२ ले प्रतिस्थापन गरेको र केही न्यून रुपमा स्थानीय निकायबाट असुल उपर भएको देखिए तापनि सो को यकिन तथ्यांक प्राप्त हुन सकेको अवस्था छैन ।
- प्रदेश सरकारसँग आवधिक योजना नभएको, मन्त्रालय बाहेक खर्च गर्ने अन्य निकायहरु यकिन नभएको र चालु आर्थिक वर्षको ३ महिनामा भएको खर्चलाई आधार मानी आगामी आर्थिक वर्षमा हुने खर्चको सीमा पूर्वानुमान गर्ने विषय सान्दर्भिक नदेखिएकोले खर्चको पूर्वानुमान गरिएको छैन ।

**अनुसूची १**

# जिल्लागत रूपमा प्राप्त तथ्यांकहरूको समिष्टी

मालपोत कार्यालयहरूबाट उठेको राजस्वको अवस्था

| राजस्व तथा गैर राजस्व शिर्षक | रजिस्ट्रेशन शूल्क | पूर्जा फारम विक्रि | बक्सौनी | कोटेशन फारम विक्रि | नामसारी | रोक्का | विविध | दृष्टीबन्धक | संशोधन | स्रेस्ता प्रतिलिपि | बेरुजू | जग्गाको मोल | पूंजीगत लाभकर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व.२०७१।०७२ | २६,०९,४९,४९८ | ६,१०,८५५ | ० | ० | २,१७,८०५ | ५,११,३२० | १,३७,६७,४११ | ५,८४,९७९ | ० | ० | १,९९,०३८ | ० | ३६,२७,७२४ | २८,०४,६८,६३० |
| आ.व.२०७२।०७३ | ३६,००,१९,७९७ | ५,९९,४४५ | १,१८,९७० | ९०० | २,८७,४१० | १४,०४,४१५ | २,२३,६५,७६१ | ४,९१,१०५ | ० | ० | ६,३८,५२७ | ४८,११४ | ६६,६७,९७६ | ३९,२७,३१,३९१ |
| आ.व.२०७३।०७४ | ४७,०४,१०,८२२ | ९,९६,०८० | १,२१,८४७ | ९,००० | २,६०,४७८ | ५,०५,७०० | २,५४,६८,७१२ | २,९९,९९,८९५ | ४,३४० | १८,००० | ८,४६,७६५ | ७,५८,५१२ | ८६,०२,१८५ | ५३,८०,०३,६७५ |
| आ.व.२०७४।०७५ चैत्र मसान्त सम्म | ५३,४८,९७,२०८ | ५,१९,९६५ | १०,१९१ | ० | २,८०,५०२ | ४,३१,४०० | ३,०६,४०,३१४ | २,८०,८०,५५५ | २,६०० | १९,२१० | १२,६९,९४९ | २,२५,३६१ | ६,८३,६८,६९३ | ६६,४७,४६,८१७ |

यातायात कार्यालयहरूबाट उठेको राजस्वको अवस्था

| आ.व. | सवारी कर | सवारी ईजाजत दस्तूर | यातायात क्षेत्रको आम्दानी | जम्मा |
|---|---|---|---|---|
| आ.व.२०७१।०७२ | १७,११,६६,७४० | ३,१३,८१,७६४ | १,२९,९७,८६० | २१,५५,४६,३६४ |
| आ.व.२०७२।०७३ | २०,२३,४०,१७२ | ३,७४,२३,८२३ | १,५३,२५,९४९ | २५,५०,८९,९४४ |
| आ.व.२०७३।०७४ | २६,०२,१०,१०९ | ५,७१,६२,९१७ | ९,८४,१२,३३७ | ४१,५७,८५,३६३ |
| आ.व.२०७४।०७५ को चैत्र सम्म | २५,५८,१०,६२४ | ९,५१,५४,८८६ | २,६०,८०,११९ | ३७,७०,४५,६२९ |
| **जम्मा** | ८८,९५,२७,६४५ | २२,११,२३,३९० | १५,२८,१६,२६५ | १,२६,३४,६७,३०० |

**अनुसूची २**

# कर तथा गैर कर सम्बन्धी विद्यमान कानूनहरूमा भएको व्यवस्था

सडक निर्माण तथा सम्भार दस्तुर र सवारी साधन कर

| | |
|---|---|
| **(क) सडक निर्माण तथा सम्भार दस्तुर** | |
| १. देहायका सवारी साधन दर्ताका बखत देहाय बमोजिमको सडक निर्माण तथा सम्भार दस्तुर लाग्नेछ :- | |
| **सवारी साधनको किसिम** | **दस्तुर** |
| (क) कार, जीप, भ्यान, माइक्रोबस, बस, ट्रक, ट्रिपर, ट्रकमिक्सचर, मिनीबस, मिनीट्रक, मिनीटिपर, | मूल्यको सात प्रतिशत |
| (ख) मोटरसाइकल प्रति थान : | |
| (अ) १२५ सि.सि. सम्मको | रु. १०,०००।- |
| (आ) १२६ देखि २५० सि.सि. सम्मको | रु. १२,०००।- |
| (इ) २५१ देखि ४०० सि.सि. सम्मको | रु. १५,०००।- |
| (ई) ४०१ सि.सि. र सोदेखि माथि | रु. २०,०००।- |
| जुनसुकै प्रक्रियाबाट शुरु दर्ता हुन आउने सवारी साधनलाई उपर्युक्त अनुसार नै दस्तुर लाग्नेछ ।<br>तर,<br>(१) कूटनीतिक नियोग तथा कूटनीतिक सुविधा प्राप्त व्यक्ति, दमकल, एम्बुलेन्स र शव वाहनलाई यस्तो दस्तुर लाग्ने छैन ।<br>(२) चालीस वा सोभन्दा बढी सीट क्षमताका कम्तीमा पाँच वटा बस सार्वजनिक यातायातमा सञ्चालन गर्ने गरी दर्ता भएका सहकारी संस्था तथा कम्पनीले उल्लिखित प्रयोजनको लागि पैठारी गर्ने उक्त क्षमताका तयारी बस एवं तिनका चेसिसमा यस्तो दस्तुर लाग्ने छैन ।<br>(३) बिद्युतीय माध्यमबाट सञ्चालन हुने दुई पाग्रे सवारी साधनको हकमा १५०० वाटभन्दा कम क्षमताकोलाई १२५ सी.सी. सरह र १५०१ वाटभन्दा माथिकोलाई १२६-१५० सी.सी. सरहको सडक निर्माण तथा सम्भार दस्तुर लगाई सोमा पचास प्रतिशत छुट दिईनेछ । | |
| स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि,-<br>(१) "मूल्य" भन्नाले आन्तरिक खरिदको हकमा मूल्य अभिवृद्धि करसहितको बीजक मूल्य र पैठारीको हकमा भन्सार महसुल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर तथा भन्सार बिन्दुमा लाग्ने सबै प्रकारका दस्तुर र शुल्क समावेश भएको मूल्य सम्झनु पर्छ ।<br>(२) "जुनसुकै प्रक्रियाबाट" भन्नाले लिलाम, जफत, हस्तान्तरण र खरिद वा बिक्रीबाट दर्ता हुन आउने सवारी साधनलाई जनाउँछ । | |
| **(ख) सवारी साधन कर** | |
| १. निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ :- | |
| सवारीको किसिम | |
| (क) कार, जिप, भ्यान, माइक्रो बस | वार्षिक कर दर |
| (अ) १००० सी.सी सम्म | रु. १९,०००।- |
| (आ) १००१ देखि १५०० सी.सी सम्म | रु. २१,०००।- |
| (इ) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु. २३,०००।- |
| (ई) २००१ सी.सी. देखि २५०० सी.सी. सम्म | रु. ३२,०००।- |
| (उ) २५०१ सी.सी. देखि २९०० सी.सी. सम्म | रु. ३७,०००।- |
| (ऊ) २९०१ सी.सी. देखि माथि सबै | रु. ५३,०००।- |
| (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनीटिपर | |
| (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रु. ३५,०००।- |
| (आ) मिनीटिपर | रु. २५,०००।- |
| (ग) अटो रिक्सा, थ्री ह्वीलर, टेम्पो, ट्रेक्टर र पावर टिलर | |
| (अ) अटो रिक्सा, थ्री ह्वीलर र टेम्पो | रु.५,०००।- |
| (आ) ट्रेक्टर | रु.४,०००।- |
| (ई) पावर टिलर | रु.३,०००।- |
| (घ) मिनिट्रक/मिनिबस | रु.२२,०००।- |
| (ङ) ट्रक/बस | रु.३०,०००।- |

| | |
|---|---|
| (च) मोटर साइकल | |
| (अ) १२५ सी.सी. सम्मको | रु.२,५००।- |
| (आ) १२६ देखि २५० सी.सी. सम्म | रु.४,०००।- |
| (इ) २५१ देखि ४०० सी.सी. सम्म | रु.८,०००।- |
| (ई) ४०१ सी.सी. र सो देखि माथि | रु.१५,०००।- |
| **२. भाडामा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ :-** | |
| सवारीको किसिम | |
| (क) कार, जिप, भ्यान, माइक्रो बस | वार्षिक कर दर |
| (अ) १३०० सी.सी.सम्म | रु.८,०००।- |
| (आ) १३०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु.९,०००।- |
| (इ) २००१ सी.सी.देखि २९०० सी.सी.सम्म | रु.११,०००।- |
| (ई) २९०१ सी. सी. देखि ४००० सी.सी. सम्म | रु.१३,०००।- |
| (उ) ४००१ सी.सी. र सोभन्दा माथि सबै | रु.१५,०००।- |
| (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रु.१७,०००।- |
| (ग) अटो रिक्सा, थ्री ह्वीलर र टेम्पो | रु.४,०००।- |
| (घ) ट्रेक्टर | रु.२,५००।- |
| (ङ) पावर टिलर | रु.२,०००।- |
| (च) मिनीट्रक, मिनीबस | रु.१२,०००।- |
| (छ) मिनी ट्रिपर | रु.१४,०००।- |
| (ज) ट्रक, बस | रु.१६,०००।- |

| | |
|---|---|
| ३. | तपसीलमा उल्लेख भएका सवारी साधनहरूलाई भाडामा दर्ता भएका सवारी साधनमा लाग्ने सरह कर लाग्ने छ :-<br>(क) नेपाल सरकारको नाउँमा दर्ता भएका,<br>(ख) गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिको नाउँमा दर्ता भएका । |
| ४. | बिद्युतीय माध्यमद्वारा सञ्चालित सवारी साधनमा सवारी साधन कर लाग्ने छैन । पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा माथि दफा १ र २ बमोजिम लाग्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ । |
| ५. | सुरु पैठारी मितिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ । तर व्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन । |
| ६. | सवारी साधन बिग्रेको वा अन्य कुनै कारणबाट सो सवारी साधन चलाउन नपाएको भनी नेपाल सरकारले ठहऱ्याएको कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको सवारी साधनलाई सवारी साधन कर लाग्ने छैन । |
| ७. | बागमती अञ्चलमा दर्ता भई उत्पादनका मितिले पन्ध्र वर्षभन्दा पुराना सवारी साधनहरूलाई लाग्ने सवारी साधन करमा चौध वर्षभन्दा बढीको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप गरी सवारी साधन कर लाग्नेछ । तर यस्तो थप गरिएको रकम सवारी साधनको लागि तोकिएको कर रकमभन्दा बढी हुने छैन । |
| ८. | भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थीलाई सहुलियतको रूपमा भाडामा छुट दिएबापत त्यस्ता सवारी साधनका धनीले तिर्नु पर्ने सवारी साधन करमा साठी प्रतिशत छुट पाउनेछन् । |
| ९. | जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ठ रुपमा पाँच वर्षसम्मका लागि एकैपटक भुक्तानी गरी नवीकरण गराउन सक्नेछन् । यसरी अग्रिम रूपमा पाँच बर्षको सवारी साधन कर एकमुष्ट बुझाई नवीकरण गराएमा लाग्ने सवारी साधन करमा दस प्रतिशत छुट हुनेछ । |
| १०. | सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन । |
| ११. | दफा १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन । |
| १२. | विद्युत, सोलार वा ब्याट्रिबाट चल्ने सवारी साधनमा सडक निर्माण तथा संभार दस्तुर पचास प्रतिशत छुट हुनेछ । |
| १३. | बीस लाख रुपैयाँभन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नु पर्नेछ । |
| १४. | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाईका १५० सी.सी. सम्मका स्कूटरमा सवारी साधन कर र सडक निर्माण तथा संभार दस्तुर लाग्ने छैन । |

| | |
|---|---|
| १५. | नेपालमा हाल सञ्चालनमा रहेका पुराना ट्रकलाई नेपालमा नै बन्द कन्टेनरको रूपमा रूपान्तरण गर्न निवेदन दिने सवारी साधनका धनीलाई निजले बुझाउनु पर्ने सवारी साधन कर वापत पचास हजार रुपैयाँ वा चार वर्षको सवारी साधन कर वापत हुन आउने रकममध्ये जुन घटी हुन्छ सो बराबरको रकम छुट दिइनेछ ।<br>तर यस्तो छुट सुविधा दश वर्ष भन्दा पुराना ट्रकहरूलाई दिइने छैन । |
| १६. | सार्वजनिक यातायातका रूपमा सञ्चालन गर्ने गरी दर्ता भएका प्रा.लि. कम्पनीहरूले संचालन गर्ने सार्वजनिक बसहरूले तिर्ने सवारी साधन करमा पच्चीस प्रतिशत छुट दिईनेछ । |
| १७. | ढुवानी कार्य संचालन गर्ने गरी दर्ता भएका प्रा.लि. कम्पनीहरूले सञ्चालन गर्ने १० टन भन्दा माथिका बन्द कन्टेनर र ठूला ट्रकहरूले तिर्ने सवारी साधन करमा पच्चीस प्रतिशत छुट दिईनेछ । |
| १८. | नेपाल सरकारले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनमा सो मिति भन्दा अगाडिको अवधिको यस्तो कर लाग्ने छैन । |

## रजिष्ट्रेशन दस्तुर, सेवा शुल्क र घरजग्गा रोक्का दस्तुर

क. घर जग्गा रजिष्ट्रेशन दस्तुरः

| सि नं | लिखतको प्रकार | रजिष्ट्रेशन दस्तुरको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| १. | राजिनामा, सट्टापट्टा र सगोलनामाको लिखत | | | | |
| | (क)राजिनामा, सट्टापट्टा, र सगोलनामाको लिखतको थैली अंकमा | ५% | ४.५% | ४% | २% |
| | (ख)सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाई को लिखतको थैली अंकमा | ४% | ३% | २% | १% |
| | (ग)सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घरजग्गाको लिखतको थैली अङ्कमा | ५% | ४.५% | ४% | २% |
| २. | छोडपत्र<br>दर्ताफारी (संयुक्त दर्तावाला वीचको) लिखितको थैली अङ्कमा | २.५% | २% | २% | १% |
| ३. | हालैदेखिको वकसपत्रको लिखत<br>हालैदेखिको वकसपत्रको लिखतको थैली अंकमा<br>(क) बाजे, बज्यै, आमा, बाबु, पति, पत्नी, दाजु, भाउजु, भाइ, भाईवुहारी दिदी, बहिनी, छोरा, छोराबुहारी, छोरी, छोरीज्वाईं, सासु-ससुरा, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनीवुहारी, काका, काकी, मामा माइज्यू, भाञ्जा भाञ्जी ठूलो-बुवा, ठूली आमा (वावु तर्फका) आमाजु, नन्द, सौता-सौता र एकै दाजु भाईको छोरा, छोरी, फूपू र भदा भदै बीच । | | | | |
| | (अ) रु.१ लाखसम्मको थैली अङ्कमा | १.५% | १% | १% | ०.५% |
| | (आ) रु.१ लाखभन्दा माथि जतिसुकै थैली अङ्कमा | २.५% | २% | २% | १% |
| | (ख) अन्य वकसपत्र र दानपत्रको थैली अङ्कमा | १५% | १५% | १५% | १०% |
| | स्पष्टीकरण :<br>सरकारी विश्व विद्यालय, सरकारी क्याम्पस/कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल सरकारका कार्यालय, स्थानीय निकाय तथा नेपाल | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सरकारको नाममा प्राप्त हुने दानपत्रको लिखतमा कुनै दस्तुर लाग्ने छैन । | | | | |
| ४. | <u>अंशवण्डा तथा अंश भपाईको लिखत</u><br>अंशवण्डा तथा अंश भपाईको लिखतमा<br>(क) रु.३० लाखसम्मको थैली अङ्कमा<br><br>(ख) रु.३० लाख भन्दा वढी रु. २ करोडसम्मको थैली अङ्कमा<br><br>(ग) रु. २ करोड भन्दा माथिको थैली अङ्कमा | ०.२%<br><br>०.३%<br><br>०.५% | ०.२%<br><br>०.३%<br><br>०.५% | ०.२%<br><br>०.३%<br><br>०.५% | ०.२%<br><br>०.३%<br><br>०.५% |
| ५. | <u>मानो छुट्टिएको र मानो जोडिएको लिखत</u><br>(क) मानो छुट्टिएको प्रति लिखत<br><br>(ख) मानो जोडिएको प्रति लिखत | रु.१२,०००।<br><br>रु.१५,०००। | रु.११,०००।<br><br>रु.१२,०००। | रु.१०,०००।<br><br>रु.१०,०००। | रु.५,०००।<br><br>रु.५,०००। |
| ६. | <u>शेषपछिको वकसपत्रको लिखत</u><br>शेषपछिको वकसपत्र/अष्टलोहको प्रतिलिखत<br>(क) तीन पुस्ताभित्रको<br><br>(ख) तीन पुस्ताबाहिरको | रु.७,०००।<br><br>रु.१२,०००। | रु.६,०००।<br><br>रु.११,०००। | रु.५,०००।<br><br>रु.१०,०००। | रु.२,०००।<br><br>रु.४,०००। |
| ७. | <u>बन्धकीको लिखत</u><br>दृष्टिबन्धकी, भोगबन्धकी, र लखबन्धकीको लिखतको थैली अंकमा | १% | १% | १% | १% |
| ८. | <u>धर्मपुत्र, धर्मपुत्रीको लिखत</u><br>धर्मपुत्र, धर्मपुत्रीको प्रति लिखतमा<br><br>(क) तीनपुस्ता भित्रको नातामा<br><br>(ख) तीनपुस्ता बाहिरकोमा | रु.१,०००।<br><br>रु ७,०००। | रु.१,०००।<br><br>रु.६,०००। | रु.१,०००।<br><br>रु.५,०००। | रु.१,०००।<br><br>रु.४,०००। |
| ९. | <u>अधिकारनामा,मञ्जुरीनामा र अख्तियारनामाको लिखत</u><br>अधिकारनामा, मंजुरीनामा र अख्तियारनामाको लिखत | रु २,०००। | रु.२,०००। | रु.२,०००। | रु.२,०००। |
| १०. | <u>कपाली तमसुक र करारनामाको लिखत</u><br>दाखील खारेज नहुने कपाली तमसुक र करारनामाको प्रति लिखत | १% | १% | १% | १% |
| ११. | सि.नं. ४ को अंशवण्डा तथा अंश भपाईको लिखत घर जग्गा भएको कुनै इलाका वा जिल्लामा पारित गर्न सकिनेछ र सो बाहेकका अन्य सि.नं. १ देखि ८ सम्मका घर जग्गा रजिष्ट्रेशन दस्तुर लाग्ने लिखतहरू अर्को इलाकामा पारित गर्न सकिने छैन । | | | | |

ख.सेवा शुल्क :

| सि नं | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| १. | लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्क<br>लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर दस्तुर :<br>(क) काठमाडौं उपत्यका क्षेत्रमा<br>(ख) तराई क्षेत्रमा<br>(ग) अन्य क्षेत्रमा | रु.१५,०००।<br>रु.१५,०००।<br>रु.१५,०००। | रु.१२,०००।<br>रु.१०,०००।<br>रु.७,०००। | रु.१०,०००।<br>रु.७,०००।<br>रु.५,०००। | रु.७,०००।<br>रु.३,०००।<br>रु.२,०००। |
| २. | वित्तीय धितो<br>नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त बैंक, वित्तीय तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतमा<br>(क) रु. १००,०००।- सम्मको लिखतको थैली अङ्कमा<br>(ख) रु. १००,००।- भन्दा बढी रु. ५,००,०००।- सम्मको थैली अङ्कमा<br>((ग) रु. ५,००,००।- भन्दा बढी रु.१०,००,०००।- सम्मको थैली अङ्कमा<br>(घ) रु.१०,००,०००।- भन्दा बढी रु.२०,००,०००।- सम्मको थैली अङ्कमा<br>(ङ) रु.२०,००,०००।- भन्दा बढी रु.५०,००,०००।- सम्मको थैली अङ्कमा<br>(च) रु. ५०,००,०००।- भन्दा बढी रु. १,००,००,०००।- सम्मको थैलीअङ्कमा<br>(छ) रु १,००,००,०००।- भन्दा बढी रु.२,००,००,०००।- सम्मको थैली अङ्कमा<br>ज) रु २,००,००,०००।- भन्दा बढी रु.५,००,००,०००।- सम्मको थैलीमा अङ्कमा<br>(झ) रु.५,००,००,००० भन्दा वढी जतिसुकै थैली अङ्कमा | रु.१०००।<br>रु.१५००।<br>रु.२५००।<br>रु.३,०००।<br>रु.५,०००।<br>रु.२०,०००।<br>रु.३०,०००।<br>रु.६५,०००।<br>रु.१०००००। | रु.१०००।<br>रु.१५००।<br>रु.२५००।<br>रु.३,०००।<br>रु.५,०००।<br>रु.२०,०००।<br>रु.३०,०००।<br>रु.६५,०००।<br>रु.१०००००। | रु.१०००।<br>रु.१५००।<br>रु.२५००।<br>रु.३,०००।<br>रु.५,०००।<br>रु.२०,०००।<br>रु.३०,०००।<br>रु.६५,०००।<br>रु.१०००००। | रु.१०००।<br>रु.१५००।<br>रु.२५००।<br>रु.३,०००।<br>रु.५,०००।<br>रु.२०,०००।<br>रु.३०,०००।<br>रु.६५,०००।<br>रु.१०००००। |
| ३. | लीज<br>सरकारी जग्गा लिजमा उपलब्ध गराउने | सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ को अनुसूची- १ अनुसारको दस्तुर लाग्नेछ । | | | |
| ४. | जग्गाधनि दर्ता श्रेस्ताको प्रतिलिपिको लागि ( टिकट बाहेक) प्रति पुर्जा<br>(क) काठमाडौं उपत्यका भित्र<br>(ख) तराई क्षेत्र<br>(ग) अन्य क्षेत्र<br>नोट: जुनसुकै प्रयोजनको लागि प्रतिलिपि लिंदा समेत लागु हुनेछ | रु.१,०००।<br>रु.१,०००।<br>रु.१,०००। | रु.१०००।<br>रु.७००।<br>रु.५००। | रु.१०००।<br>रु.५००।<br>रु३००। | रु.५००।<br>रु.२००।<br>रु.१००। |
| ५. | दाखिल खारेज शुल्क<br>(क) करार अनुसार लिखत पारित गर्न ठहऱ्याएको फैसला वा मिलापत्र अनुसारको दाखिल खारेज गर्दा<br>(ख) अन्य मिलापत्र (अंश र अपुताली बाहेक) को दाखिल खारिज गर्दा<br>(ग) बैंक वित्तिय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैक तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाउमा दा.खा. गर्दाको थैली अङ्कमा | ५%<br>३%<br>५% | ४.५%<br>२.५%<br>४.५% | ४%<br>२%<br>४% | २%<br>१%<br>२% |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (घ) बैंक वित्तीय संघ वा सहकारीसंस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी ऋणीकै नामबाट बैक वित्तीय संघा वा सहकारी संस्थाले आफ्नो नाँउमा दाखिल खारेज गर्दा प्रति मिसिल | | रु.७,०००। | रु.६,०००। | रु.५०००। | रु.२०००। |
| | (ङ) बैंक, वित्तीय संस्था वां सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैंक वा संस्था आफैले सकार गरेपछि सम्बन्धित ऋणीलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा | | २.५% | २% | २% | १% |
| | (१) भूमिसुधार कार्यालयबाट जग्गा वाडफाड भई दा.खा. हुन आँउदा प्रति मिसिल | | रु.५००। | रु.४००। | रु.३००। | रु.२००। |
| | (२) अदालत वा न्यायिक निकायको फैसलाबमोजिम लिलाम वढावढ गरी दाखिल खारेज गर्दा प्रति मिसिल | | रु.५०००। | रु.३०००। | रु.१०००। | रु.५००। |
| | (च) <u>शेषपछिको वकसपत्रको दाखिल खारेज</u><br>(क) तीनपुस्ता भित्रको भए | | सबै क्षेत्रका लागि अंशबण्डा सरह | | | |
| | (ख) तीनपुस्ता बाहिरको भए (थैली अंक)मा | | सबै क्षेत्रका लागि राजीनामा सरह | | | |
| ६. | नामसारी | <u>नामसारी</u><br>(क)तीन पुस्ता भित्रको नामसारी गर्दा | रु.१,५००। | रु १,२००। | रु १,०००। | रु.५००। |
| | | (ख)तीन पुस्ताभन्दा बाहिरको नामसारी गर्दा | रु ३५००। | रु ३०००। | रु ३,०००। | रु.१५००। |
| ७. | हाल साविक | पुनः नापजाँच पछिको श्रेस्ता हाल साविक तथा अद्यावधिक गर्दा प्रति मिसिल | रु.४००। | रु.३००। | रु.२००। | रु.१००। |
| ८. | घर कायम | श्रेस्ता पूर्जामा घर जनाउने प्रति निवेदनमा | रु.२,५००। | रु.२,०००। | रु.२,०००। | रु.५००। |
| ९. | संशोधन दस्तुर | मालपोत ऐन २०३४ को दफा ७(३) अनुसारको विवरणमा संशोधन गर्नु पर्दा प्रति मिसिल | रु.३००। | रु.२००। | रु.१००। | रु.५०। |
| १० | रोक्का दस्तुरः | क) लिखत रजिष्ट्रेशन भएकोमा (थैली अङ्क जतिसुकै भएपनि) | नलाग्ने | नलाग्ने | नलाग्ने | नलाग्ने |
| | | ख) लिखत रजिष्ट्रेशन नहुनेमा<br>(अ) रु.१००,०००। सम्मको ऋण अङ्कमा | रु.५००। | रु.४००। | रु.३००। | रु.२००। |
| | | (आ) रु. १,०००००। भन्दा वढी रु.५,००,०००। सम्म | रु.८००। | रु.७००। | रु.५००। | रु.३००। |
| | | (इ) रु. ५ लाख भन्दा बढी जतिसुकै ऋण अंकमा | रु.१०००। | रु.८००। | रु.७००। | रु.५००। |
| | | (ई) ऋण अङ्क नखुलेकोमा | रु.५०००। | रु.४०००। | रु.३०००। | रु.२०००। |

ग. विविध

| | |
|---|---|
| १. | काठमाडौं उपत्यकाभित्रका महानगरपालिका, उप-महानगरपालिका र नगरपालिका क्षेत्रभित्रको पारित हुने लिखतमा घरजग्गा रजिष्ट्रेशन दस्तुरको सि.नं. १, २ र ३ मा उल्लेख गरिएको रजिष्ट्रेशन लिखतको थैली अंकको शून्य दशमलव पाँच प्रतिशत दस्तुर वागमती सभ्यता कोषका लागि असुल गरिनेछ। |
| २. | धर्मपुत्र, अधिकारनामा र शेषपछिको बकसपत्र लिखत बाहेक अन्य सबै प्रकारको लिखतमा थैली अंक अनिवार्य खुलाउनु पर्नेछ। |
| ३. | जलविद्युत उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षीपालन, अलैंची खेती, जडिबुटी खेती एवं फलफूल उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचहत्तर प्रतिशत छुट हुनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन दस्तुर असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ। |
| ४. | सामुहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले व्यक्तिहरू मिली जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित भएमा सो मा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचहत्तर प्रतिशत छुट हुनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन दस्तुर असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ। |
| ५. | सूर्ती, गुड्खा,पानपराग र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचास प्रतिशत छुट हुनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन दस्तुर असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ। |
| ६. | (क) कृषि ऋण, बीमा संस्थान, बीमा समितिबाट स्वीकृति प्राप्त बीमा कम्पनी, विश्वविद्यालय, बैक तथा वित्तीय संस्थाहरूले आफ्ना बहालवाला कर्मचारीहरूलाई सेवा सर्तबमोजिम दिने ऋण सुविधाको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर छुट हुनेछ। तर सेवा शुल्क रु. १०००।- लाग्नेछ। |

| | |
|---|---|
| | (ख) कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरूलाई ऋण सुविधा उपलब्ध गराउँदा लिने धितोको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर छुट हुनेछ। तर सेवा शुल्क रु. ५००।- लाग्नेछ। |
| ७. | (क) सहकारी ऐन, २०४८ वमोजिम दर्ता भै संचालनमा रहेका सहकारी संस्थाहरूले आफ्ना शेयर सदस्यहरु विच ऋण लगानी/प्रवाह गर्दा तीस लाख रुपैयाँ सम्मको थैली अंकमा रोक्का दस्तुर वाहेक सेवा शुल्क छुट हुनेछ। सो भन्दा माथिको थैली अंकमा खण्ड ख. सेवा शुल्क महलको सि.नं. २ वमोजिमको सेवा शुल्क लाग्ने छ। |
| | (ख) बैंकिङ्ग तथा वित्तिय व्यवसाय र विमा व्यवासाय गर्ने एकै प्रकृतिका निकायहरू एक आपसमा गाभिन चाहेमा गाभिने संस्थाहरूले सो प्रयोजनका लागि घरजग्गाको एकत्रित गर्दा संशोधन दस्तुर वाहेक अन्य दस्तुर लाग्ने छैन । |
| ८. | जनआन्दोलन पहिलो, दोश्रो र मधेश आन्दोलमा सहादत प्राप्त गरेका शहिदका आश्रित पति, पत्नि, छोरा र छोरी तथा माता-पिताको नाममा स्वमित्व प्राप्त हुने गरी पारीत हुने लिखतमा यस ऐन बमोजिम लाग्ने सबै प्रकारको दस्तुर र शुल्क पूर्ण रूपमा छुट हुनेछ। |
| ९. | अपाङ्गता भएका व्यक्ति, दलित एंव पिछडिएका जाती भनी स्थानीय निकायवाट प्रमाणित भएको सिफारिस वा अधिकारीक प्रमाणको आधारमा तिनीहरूको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐन वमोजिम असुल गरिने घर जग्गा रजिष्ट्रेशन दस्तुरमा पच्चीस प्रतिशत छुट हुनेछ। |
| १०. | (क) महिला, सत्तरी वर्ष भन्दा बढी उमेरका ज्येष्ठ नागरिक र नावालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरि पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन दस्तुरमा पच्चीस प्रतिशत छुट हुनेछ। तर एकल महिलाको हकमा भने पैतिस प्रतिशत छुट हुनेछ।<br>देहायमा उल्लिखित हिमाली क्षेत्रका जिल्लाका सदरमुकाम बाहेकका साविकका गाउँ विकास समितिको हकमा ५०% छुट हुनेछ।<br>(अ) ताप्लेजुङ, सोलुखुम्वु, मनाङ, मुस्ताङ, रसुवा, हुम्ला, जुम्ला, मुगु, कालिकोट, डोल्पा, बझाङ र दार्चुला।<br>(आ) संखुवासभा जिल्लाका चेपुवा, किमाथांका, मकालु, हटिया, पावाखोला र पाथिभरा गा.वि.स.हरू।<br>(इ) दोलखा जिल्लाका लामाबगर, गौरिशंकर, आलम्पु, मार्वु, स्यामा, वगु, खारे र चिलंखा गा.वि.स.हरू।<br>(ई) धादिङ जिल्लाका सेर्तुङ, तिप्लीङ, री, लप्पा, ओर्लाङ, सत्यदेवी, दार्खा, बसेरी, बुढाथुम,<br>मुलपानी, फुलखर्क, सल्यानकोट र गुम्दी गा.वि.स.हरू।<br>(उ) सिन्धुपाल्चोक जिल्लाका तातोपानी, गुम्वा, गोल्चे र फुल्पीङकट्टि, गा.वि.स.हरू।<br>(ऊ) गोरखा जिल्लाका सामागाउँ, ल्हो, प्रोक, विही, छेकम्पार, चुन्चेत, सिर्दिवास, कासीगाउँ, केरौजा, मान्वु, उइया, गुम्दा, लाप्राक र लागु गाउँ विकास समितिहरू। |
| | (ख) हाल पति वा पत्नीको नाममा कायम रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति-पत्नी दुवैको संयुक्त स्वामित्वको रुपमा लिखत गर्न चाहेमा सो संगोलनामाको लिखतमा रु.१००।- मात्र रजिष्ट्रेशन दस्तुर लाग्नेछ। |
| | (ग) ३०० जना भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरीद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरको लिखतमा ५०% छुट दिइनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन दस्तुर असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ। |
| ११. | भूमिहिन मुक्त कमैया र मूक्त हलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरीद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, सेवा शुल्क र रोक्का दस्तुर पूर्ण रूपमा छुट हुनेछ। |
| १२. | बैक, वित्तिय एवं सहकारी संघ वा संस्था र अदालतबाट भई आएको मिलापत्र अनुसार दाखिल खारेज गर्नुपर्दा सेवा दस्तुर असुल गर्ने प्रयोजनको लागि मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा बैक, वित्तिय एवं सहकारी संघ संस्थाको पत्रमा उल्लेख भएको मूल्य मध्ये जुन बढी हुन्छ सोहीलाई कायम गर्नुपर्नेछ। |
| १३. | रजिष्ट्रेशन वापत मालपोत कार्यालयले सम्बन्धित स्थानीय तहमा पठाउने कूल रकमको सात प्रतिशत रकम सम्बन्धित मालपोत/भूमिसुधार/नापी कार्यालयहरूको संस्थागत सुदृढीकरण, भवन, निर्माण, मर्मत, श्रेस्ता व्यवस्थापन तथा दैनिक कार्य संचालनमा खर्च गर्ने गरी स्थानीय तहले सम्बन्धित मालपोत कार्यालयहरूमा उपलब्ध गराउनु पर्नेछ। यसरी उपलब्ध गराएको रकम रु. ६ लाख भन्दा बढी भएमा सो भन्दा बढी भएको रकम भूमिसुधार तथा व्यवस्थापन विभागको भूमिव्यवस्थापन सुदृढिकरण खातामा दाखिला गर्नुपर्नेछ। उक्त रकम आवश्यकता एवं औचित्य हेरी सोही जिल्ला वा न्यून रकम हुने अन्य जिल्लाका कार्यालयहरूमा भूमिव्यवस्थापन सुदृढीकरण कार्यक्रम (संचालन) कार्याविधि २०६७ को परिधि भित्र रही केन्दीय कार्यक्रम समितिले वाँडफाँड गरी निकासा दिन सक्ने र खर्चको अनुगमन गरी सो को आवधिक जानकारी भूमिसुधार तथा व्यवस्था मन्त्रालय र अर्थ मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखामा पठाउनु पर्नेछ। |
| १४. | नेपाल सरकारले चाहेमा धार्मिक तथा सामाजिक हितका निमित्त स्थापित नेपालमा दर्ता भएका संघ संस्था वा निकायले आफ्नो नाउमा निशुल्क रुपमा प्राप्त गर्ने जग्गाको लिखत पारित गर्दा पचास प्रतिशत रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ। |
| १५ | यो ऐन लागू हुँदाका वखत नेपाल सरकारवाट घोषणा भएका वा यस पछि घाोषणा हुने नगरपालिकाको हकमा त्यस्ता नगरपालिकाको नाम र क्षेत्र निर्धारण गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरेको मिति देखि यस अनुसूची वमोजिमको घर जग्गा रजिष्ट्रेशन दस्तुर र सेवा शुल्क लाग्नेछ। |
| १६. | सहकारी ऐनको दफा ५ अन्तर्गत दर्ता भएका सहकारी संस्थाहरूले संस्थाको प्रयोजनको लागि मात्र काठमाडौ उपत्यकामा १ रोपनी, पहाडी क्षेत्रमा २ रोपनी, तराइ र भित्री मधेशमा ३ कठ्ठासम्म जग्गा र भवन खरीद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर सहकारी विभागको सिफारिसमा लाग्ने रजिष्ट्रेशन दस्तुर पूर्ण रुपमा छुट हुनेछ, तर त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेशन दस्तुर छुट सुविधामा खरीद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा वाहेक विक्रि गरेमा पहिले छुट दिएको रजिष्ट्रेशन दस्तुर असूल उपर गरिनेछ । |
| १७. | विविधको क्रमसंख्या ८, ९, १० र ११ बमोजिम छुट दिँदा एकै व्यक्तिलाई एकभन्दा बढी आधारमा छुट पाउने भएमा सवैभन्दा बढी कुनै एकमात्र छुट दिइने छ । |
| १८. | एउटै कारोवारबाट ५० लाख रुपैयाँ वा सोभन्दा माथिको घर वा जग्गा खरीद विक्री गर्दा क्रेताले बैंकबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट) भनी छाप लागेको चेकको फोटोकपी पेश गरेपछि वा विक्रेताका नाममा बैंकमा रहेको खातामा रकम जम्मा गरेको बैंक भौचरको फोटोकपी पेश गरेपछि मात्र मालपोत कार्यालयले लिखत पारित गर्नेछ। |
| १९. | पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिष्ट्रेशन दस्तुर छुट दिईनेछ। |
| २०. | तीनपुस्ता भित्र छोरी वा नातिनीहरूमा संयुक्त नामसारी भई दर्ताफारी गर्दा क्रमसंख्या २ मा उल्लिखित छोडपत्रको दररेटको आधा शुल्क लाग्नेछ। |
| २१. | नेपाल सरकार अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा नेपाल सरकारको अर्को कुनै निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नु पर्दा रजिष्ट्रेशन दस्तुर तथा सेवा शुल्क लाग्ने छैन। |
| २२. | कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा नेपाल सरकारको कुनै निकायलाइ निःशुल्क रूपमा प्राप्त भएमा वा नेपाल सरकारको वा कुनै पनि निकायले खरीद गरि लिएमा सो मा रजिष्ट्रेशन दस्तुर तथा सेवा शुल्क लाग्ने छैन। |
| २३. | वैदेशिक रोजगारीवाट बैंकिङ्ग प्रणाली मार्फत रेमिट्यान्स प्राप्त भएको बैंकको प्रमाणित कागजातको आधारमा त्यस्तो रेमिट्यान्सवाट खरीद हुने जग्गाको लिखतमा पच्चीस प्रतिशत रजिष्ट्रेशन दस्तुर छुट दिइनेछ। |